आज मिति २०७७ साल साउन २३ गते शुक्रवारका दिन विहान ११:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईज्युको अध्यक्षतामा बसेको ५२ औं गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री विदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित बहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य वहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | |
| १४ | श्री वुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

Scanned with CamScanner

## मिति २०७७ साउन २३ को ५२ औं कार्यपालिकाको वैठकका प्रस्तावहरु :

१. कोरोनाको संक्रमण र नियमन र नियन्त्रणका लागि आगामी योजना सम्वन्धमा ।
२. आर्थिक वर्ष २०७६।७७ को आम्दानी तथा खर्च विवरण स्विकृती एवं समिक्षा सम्वन्धमा ।
३. आर्थिक वर्ष २०७७।०७८ को कार्यक्रम कार्यान्वयन कार्ययोजना स्विकृती सम्वन्धमा ।
४. दर विश्लेषण सम्वन्धमा ।
५. ठेक्का आव्हान सम्वन्धमा ।
६. करारमा कार्यरत कर्मचारीको तलव वृद्धि सम्वन्धमा ।
७. पूर्वाधार सेवा शुल्क ठेक्का आव्हान सम्वन्धमा ।
८. ऐतिहासिक मकवानपुरगढी पार्किङ शूल्क तथा प्रवेश शूल्क ठेक्का आव्हान सम्वन्धमा ।
९. नदीजन्य पदार्थको मौज्दाद स्विकृत सम्वन्धमा ।
१०. राष्ट्रिय योजना आयोगसँग योजनाको थप रकम माग सम्वन्धमा ।
११. गाउँपालिकामा वस्ने सेवाग्राही एकिन गर्ने सम्वन्धमा ।
१२. ७०-३० को योजना कार्यान्वयन सम्वन्धमा ।
१३. विविध ।

### छलफल तथा निर्णयहरु

**१. कोरोनाको संक्रमण र नियमन र नियन्त्रणका लागि आगामी योजना सम्बन्धमा ।**

कोरोना भाइरसको संक्रमण तथा जोखिमका कारण विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको संक्रमण तथा जोखिमका कारण मकवानपुरगढी गाउँपालिकामा पनि केहि संख्यामा संक्रमितहरु संख्या वढ्दै गईरहेको परिप्रेक्षमा थप संक्रमण जोखिम न्युनिकरणका लागि तपसिल वमोजिमका कार्यहरु गर्ने निर्णय गरियो ।

- सबै कर्मचारी, शिक्षक, प्रहरी तथा स्वास्थ्यकर्मीहरुको नेपाल सरकारले तोकेको दररेटमा १ लाखसम्मको स्वास्थ्य विमा गर्ने,
- गाउँपालिका प्रवेश गर्ने नाकाहरु वडा नं. ४ को वन्दाडाँडा तथा वडा नं. ५ को वुंङ्दलमा स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी सहितको विट राखि मानिसको आवागमनलाई नियन्त्रण गर्ने साथै त्यसरी वस्ने कर्मचारीहरुलाई कोरोना नियन्त्रणका लागि गठित गाउँपालिकास्तरीय समन्वय समितिको निर्णय वमोजिमको तोकिएको नास्ता तथा खाना खर्च उपलव्ध गराउने ।
- कोरोना संक्रमितहरुलाई सुरक्षित ढंगले राख्ने व्यवस्थाका लागि यस गाउँपालिकाको वडा नं. ३ स्थित भानु माध्यामिक विद्यालय परिसरमा पर्ने फुटसलमा प्रिफ्याव (Pre-Fabrication) सहितको पृथकीकरण कक्ष (Isolation Ward) निमार्ण तथा व्यवस्थापन गर्ने,

विदुर दुलाल
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

- कोरोना नियन्त्रणको लागि अनवरत रुपमा खटेर काम गर्ने एम्बुलेन्स सवारी चालक आम सुन्दर ठडानगरलाई मासिक रु. १० हजारका दरले प्रोत्साहन खर्च उपलब्ध गराउने ।
- कोरोना सामाग्रिहरु आवश्यकता अनुसार खरिद गरी स्वास्थ्य चौकीहरुलाई वितरणको व्यवस्था गर्ने,
- कोरोना संक्रमण जोखिम न्युनिकरण गर्न सामाजिक सञ्जाल एवं सञ्चार माध्याममार्फत प्रचार प्रसारलाई तिव्र बनाउने ।

## २. आर्थिक वर्ष २०७६।७७ को आम्दानी तथा खर्च विवरण स्विकृती एवं समिक्षा सम्वन्धमा ।

यस गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७मा संघ तथा प्रदेशवाट प्राप्त वजेट, तथा गाउँपालिकाले संकलन गरेको आन्तरीक राजश्व तथा अन्य स्रोतवाट प्राप्त भएको आय वमोजिम चालु तर्फ रहेको वार्षिक वजेट रु. २८ करोड ४१ लाख ४० हजार ८ सय मध्य २४ करोड ६५ लाख ८५ ४ सय ९ अर्थात ८६.७८ प्रतिशत व्यय भएको साथै पुँजिगत तर्फ विनियोजन भएको ३५ करोड १३ लाख १० हजार २ सय ९३ मध्य २७ करोड ९ लाख ७१ हजार २३ अर्थात ७७ दशमलव १३ प्रतिशत व्यय भएको त्यसैगरी प्राप्त आय वमोजिम चालु तथा पुँजिगत औषत व्यय तर्फ ६३ करोड ५४ लाख ५१ हजार ९४ मध्य ५१ करोड ७५ लाख ५६ हजार ४ सय २२ अर्थात रु. ८१ दशमलव ४५ प्रतिशत खर्च प्रगति आजको कार्यपालिकावाट स्विकृत गर्ने निर्णय गरियो । साथै चालु आर्थिक वर्षका लागि प्राप्त वजेटलाई अझ प्रभावकारी, मितव्ययी एवं पारदर्शी ढंगले आवश्यक कार्ययोजना, विधि तयार गरी खर्च गर्न प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

## ३. आर्थिक वर्ष २०७७।०७८ को कार्यक्रम कार्यान्वयन कार्ययोजना स्विकृती सम्बन्धमा ।

यस गाउँपालिकाको चालु आर्थिक वर्षको लागि तयार भएको वजेट, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि तपसिल वमोजिम योजनाहरुको कार्यान्वयन समय सिमा निर्धारण गरी सम्वन्धित शाखा, फाँटलाई जिम्मेवार वनाई खर्च गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहायक जिम्मेवार निकाय | अनुगमन सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक आय संकलनको ठेक्का व्यवस्थापन | २०७७ साल भाद्र मसान्तभित्र | गाउँपालिका | सम्वन्धित शाखा ( राजश्व र लेखा शाखा) | उक्त समय सिमा भित्र ठेक्को सूचना आव्हान भएको हुने | आर्थिक ऐन, २०७७ को परिधिभित्र रहेर ठेक्का व्यवस्थापन गर्ने |
| २ | गत आर्थिक वर्ष २०७६।०७७ को आन्तरिक लेखा परिक्षण सम्पन्न गर्ने | २०७७ आश्विन मसान्त भित्र | गाउँपालिका | लेखा र योजना शाखा | आन्तरिक लेखा परिक्षण सम्पन्न भै प्रतिवेदन प्राप्त भएको हुने | कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुरलाई अनुरोध गर्ने |
| ३ | योजनाहरुको | २०७७ साल | गाउँपालिका | योजना, प्राविधिक र | ठूला तथा साना | संघीय समपुरक |

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहायक जिम्मेवार निकाय | अनुगमन सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| | ठेक्का आव्हान गर्ने | आश्विन मसान्त भित्र | | लेखा शाखा | आयोजनाहरु छनौट गरी ठेक्का आव्हान भएको हुने | कोष बाहेक र अन्य निकायबाट हस्तान्तरण भै आएका आयोजना बाहेक गाउपालिकाबाट विनियोजित बजेट |
| ४ | योजनाहरुको उपभोक्ता समिति गठन | २०७७ साल आश्विन १५ भित्र | गाउँपालिका एवं अन्तरगतका वडा। कार्यालय | योजना शाखा | सबै वडाहरुको आयोजनाको उपभोक्ता समिति गठन भएको हुने | उपभोक्ता समितीले कार्यान्वयन गर्ने आयोजनाहरु |
| ५ | उपभोक्ता समितिलाई अनुशिक्षण तालिम | २०७७ साल आश्विन मसान्त भित्र | गाउँपालिका | योजना शाखा | गठन भएका उपभोक्ता समितिले तालिम प्राप्त गरेको हुने | वडागत रुपमा उपभोक्ता समितीको संख्या हेरी बढीमा २ पटा सम्म । |
| ६ | ठेक्काबाट कार्यान्वयन हुने आयोजनाको ठेक्का सम्झौता | २०७७ कार्तिक मसान्तभित्र | गाउँपालिका | योजना शाखा | साना तथा ठूला आयोजनाको ठेक्का सम्झौता भएको हुने । | |
| ७ | उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाको सम्झौता | २०७७ कार्तिक मसान्तभित्र | गाउँपालिका | योजना शाखा | वडास्तरीय तथा गाउँपालिकास्तरीय योजनाहरुको सम्झौता भएको हुने । | |
| ८ | सामाजिक विकास अन्तरगतका कार्यक्रमहरुको कार्यान्वयन | २०७७ फाल्गुण मसान्तभित्र | गाउँपालिका | सम्बन्धित शाखा तथा वडा कार्यालय | विषयगत शाखाबाट सम्पन्न हुने । | |
| ९ | आयोजनाको अनुगमन तथा मुल्याकंन | कार्यान्वयन भएदेखि २०७७ चैत्र मसान्त भित्र | गाउँपालिका | गाउँपालिका तथा वडास्तरीय अनुगमन समिति | प्रत्येक आयोजनाको अनुगमन प्रतिवेदन तयार भई साप्ताहिक रुपमा भुक्तानि हुने । | |
| १० | आयोजनाहरुको फरफारक एवं भुक्तानि | २०७८ बैशाख मसान्त भित्र | गाउँपालिका | फरफारक समितिको प्रतिवेदन एवं योजना र लेखा शाखामार्फत | कार्यसम्पन्न भएका योजनाहरुको फरफारक भएको हुने | |
| ११ | २०७८।०७९ को बजेट तयारी एवं छलफल र स्विकृती | २०७८ जेठ र असार | गाउँपालिका | कार्यपालिका, सम्बन्धित समिति, गाउँसभामार्फत | नँया बजेट, एवं नीति तथा कार्यक्रम तयारी एवं स्विकृत भएको हुने | |

४. <u>दर विश्लेषण सम्बन्धमा ।</u>

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

विदुर हुमागाई अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि जिल्ला प्रशासन कार्यालयबाट मकवानपुर जिल्लाबाट चालु आर्थिक वर्षका लागि तयार एवं स्विकृत भएको जिल्ला दररेटको आधारमा गाउँपालिकाको प्राविधिक शाखाबाट अघिल्लो आर्थिक वर्षहरुमा समेत तयार भई यस वैठकमा पेश भएको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन, नापि किताव एवं बजार मूल्यका आधारमा तयार भएको संलग्न बमोजिमको दर विश्लेषण किताब आवश्यक छलफल तथा परिमार्जन गरी सर्वसम्मतीमा स्विकृत गर्ने निर्णय गरियो ।

## ५. ठेक्का आव्हान सम्बन्धमा ।

चालु आर्थिक वर्षको योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुलाई विद्युतीय वोलपत्र विधिमार्फत सिलवन्दी दरभाउपत्र तथा वोलपत्र आव्हान गरी योजना कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

तपसिल

| सि.नं. | योजनाको नाम | वजेट | कार्यान्वयन प्रक्रिया | जिम्मेवार शाखा |
|---|---|---|---|---|
| १ | सामरीपुल मनकामना मक्रान्चुली | १ करोड | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| २ | एक्लेखेत ढाप रानिसेरा सडक | १ करोड | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ३ | मकवानपुरगढी दरवार वरभज्याङ | १ करोड | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ४ | वरबोट सामरी कृषि सडक | १ करोड | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ५ | सुकौरा खोरभज्याङ सडक | १ करोड | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वालपत्र | योजना तथा प्राविधिक शाखा |
| ६ | कालिवन सिँचाई आयोजना | १ करोड | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ७ | तेली तुल गढी ३ र ६ | ८० लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ८ | सिमलटार कुसुमटार फलामे पुल गढी ४ र ५ | ४० लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ९ | सामुदायिक भवन निर्माण थप | २० लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला | योजना तथा प्राविधिक शाखा |

विदुर दुलाल
अध्यक्ष

Scanned with CamScanner

| | | | बोलपत्र | |
|---|---|---|---|---|
| १० | झल्ला भालुखोला फलामेपुल | २० लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ११ | भानु माध्यामिक विद्यालय छात्रावास निर्माण | १ करो ५० लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| १२ | वंश गोपाल माध्यामिक विद्यालय निर्माण थप | ७६ लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| १३ | रानीवास पिरङडाँडा गढी भञ्ज्याङ सडक | २० लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| १४ | कार्कीखोला धुसघारी कान्तिलोकपथ सडक निमाण | २० लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| १५ | एक्लेखेत ढाप रानीसेरा सडक | ३५ लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| १६ | ज्यामिरे चन्द्रसूर्य सोलिशुग | ३५ लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| १७ | सुकौरा च्याफल भञ्ज्याङ वृहत खानेपानी योजना | ५० लाख | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |

६. ***करारमा कार्यरत कर्मचारीको पारीश्रमिक सुविधा वृद्धि सम्बन्धमा ।***

यस गाउँपालिकामा प्राविधिक तथा अप्राविधिक दुवै क्षेत्रमा सन्तोषजनक कार्यसम्पादन गर्ने तपसिल वमोजिमका कर्मचारीहरुलाई गत आर्थिक वर्ष २०७६।०७७ सम्म कायम रहेको पारीश्रमिकमा तपसिल वमोजिम पारीश्रमिक कायम हुने गरी वृद्धि गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

तपसिल

| सि.नं. | कर्मचारीको नाम थर | पद | तह | शुरु स्केल तलव | खाइपाइ आएको तलव | कायम हुनुपर्ने तलव | अतिरिक्त सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | [illegible] अधिकारी | [illegible].स. | [illegible]तर चौथो | २६६१० | २२१७० | २२१७० | | एक गाउँ [illegible] एक कृषि प्राविधिक |

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्तुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

बिदुर हुमागाई
अध्यक्ष

| सि.नं. | कर्मचारीको नाम थर | पद | तह | शुरु स्केल तलब | खाइपाइ आएको तलब | कायम गर्नुपर्ने तलब | [illegible] | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | प्रबिन अधिकारी | ना.प्रा.स. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| ३ | यशोदा रुपाखना | ना.प्रा.स. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| ४ | राजन तिमल्सीना | ना.प्रा.स. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| ५ | संगिता [illegible] | ना.प्रा.स. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २२१७० | | एक गाउँ विकास समति एक कृषि प्राविधिक |
| ६ | सरिता कुमारी आचार्य | ना.प्रा.स. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| ७ | नवदुर्गा खतिवडा | ना.प्रा.स. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| ८ | सिता भट्टराई | ना.प.से.प्रा. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २२१७० | | एक गाउँ विकास समति एक पशु सेवा प्राविधिक |
| ९ | किरण सापकोटा | ना.प.स्वा.प्रा. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २२१७० | | एक गाउ विकास समति एक कृषि प्राविधिक |
| १० | कर्ण बहादुर वि.क. | ना.प.स्वा.प्रा. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| ११ | रविन्द्र हुमागाई | ना.प.स्वा.प्रा. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| १२ | मदन दहाल | ना.प.स्वा.प्रा. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| १३ | अशोक लामा लो | ना.प.स्वा.प्रा. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| १४ | कमल दहाल | ना.प.स्वा.प्रा. | सहायकस्तर चौथो | २६६१० | १५००० | १८००० | | |
| १५ | गंगा हुमागाई | अ.न.मी. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | आन्तरिक |
| १६ | सुमित्रामाया गोले | अ.हे.व. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | आन्तरिक |
| १७ | स्वप्निका स्यांगतान | अ.न.मी. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | शर्सत |
| १८ | संगीता तिमल्सीना | ल्या.अ. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | |

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

बिदुर हुमागाई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

विदुर हुमागाईं
अध्यक्ष

| सि.नं. | कर्मचारीको नाम थर | पद | तह | शुरु स्केल तलब | खाइपाइ आएको तलब | कायम हुनुपर्ने तलब | अतिरिक्त सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १९ | उमेश अधिकारी | अ.हे.व. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | आन्तरिक |
| २० | सुनिता दाहाल | अ.न.मी. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | आन्तरिक |
| २१ | संजिता कार्की बोगटी | अ.न.मी. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | आन्तरिक |
| २२ | झरना तिमल्सिना | अ.न.मी. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | शर्मत |
| २३ | सुनिता लुंगबा | अ.हे.व. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | आन्तरिक |
| २४ | सरस्वती ढकाल | अ.न.मी. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | आन्तरिक |
| २५ | कौशल्याकुमारी धमला | अ.हे.व. | सहायकस्तर चौथो | २६६१० | २२१७० | २४५०० | | आन्तरिक |
| २६ | रमिला घलान | रोभिङ अ.न.मी. | सहायकस्तर चौथो | २६६१० | २६६१० | २६६१० | | प्रदेश कार्यक्रम |
| २७ | सामेक्षा लामिछाने | स्टाफ नर्स | सहायकस्तर पाँचौ | २८२०० | २८२०० | २८२०० | | प्रदेश कार्यक्रम |
| २८ | गोविन्दराज दुलाल | ह.स.चा. | प्रथमस्तर | २२०१० | २१०४५ | २२०१० | प्रत्येक शनिवार तथा अन्य समयमा समेत विहान र बेलुका खटे वापत महिनाको रु. २०००।०० थप सेवा सुविधा उपलब्ध गराउने | |
| २९ | युवराज न्यौपाने | का.स. | प्रथमस्तर | १९४८० | १८७६८ | १८७६८ | | |
| ३० | पवित्रा चौलागाई | का.स. | प्रथमस्तर | १९४८० | १८७६८ | १८७६८ | | |
| ३१ | हिरा स्याङतान | का.स. | प्रथमस्तर | १९४८० | १६३२० | १८७६८ | | |
| ३२ | तपेश सिंह डिमडुङ | का.स. | प्रथमस्तर | १९४८० | १६३२० | १८७६८ | | |
| ३३ | जानकी दाहाल | का.स. | प्रथमस्तर | १९४८० | १६३२० | १८७६८ | | |
| ३४ | रमा नगरकोटी | का.स. | प्रथमस्तर | १९४८० | १६३२० | १८७६८ | | |
| ३५ | उर्मिला आचार्य | का.स. | प्रथमस्तर | १९४८० | १८७६८ | १८७६८ | | |
| ३६ | नेमिका पुडासैनी | का.स. | प्रथमस्तर | १९४८० | १६३२० | १८७६८ | | |
| ३७ | यादव | का.स. | प्रथमस्तर | १९४८० | १८७६८ | १८७६८ | | |

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| सि.नं. | कर्मचारीको नाम थर | पद | तह | शुरु स्केल तलब | खाइपाइ आएको तलब | कायम हुनुपर्ने तलब | अतिरिक्त सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | सापकोटा | . | | | | | | |
| ३८ | [illegible] स्यांग्तान | का.स. | प्रथमस्तर | १९४८० | ११५०० | १२५०० | अतिरिक्त समय वर्थिङ सेन्टरमा खटे वापत रु. २०००।०० थप सुविधा | आन्तरिक |
| ३९ | बिमलाकुमारी स्यांग्तान | का.स. | प्रथमस्तर | १९४८० | ११५०० | १२५०० | अतिरिक्त समय वर्थिङ सेन्टरमा खटे वापत रु. २०००।०० थप सुविधा | शर्सत |
| ४० | सुमीत्रा आचार्य | का.स. | प्रथमस्तर | १९४८० | ९००० | १२५०० | | आन्तरिक |
| ४१ | निरु स्यांग्तान | का.स. | प्रथमस्तर | १९४८० | ९००० | १२५०० | | आन्तरिक |
| ४२ | मनिताकुमारी ढुंगेल | का.स. | प्रथमस्तर | १९४८० | ९००० | १२५०० | | आन्तरिक |
| ४४ | मिता भुलुन | का.स. | प्रथमस्तर | १९४८० | ११५०० | १२५०० | अतिरिक्त समय वर्थिङ सेन्टरमा खटे वापत रु. २०००।०० थप सुविधा दिने गरी | शर्सत |
| ४५ | सुनिता घिसिंग | का.स. | प्रथमस्तर | १९४८० | ११५०० | १२५०० | अतिरिक्त समय वर्थिङ सेन्टरमा खटे वापत रु. २०००।०० | शर्सत |

**७. पूर्वाधार सेवा शुल्क ठेक्का आव्हान सम्बन्धमा ।**

यस गाउँपालिकाको मिति २०७७ असारमा सम्पन्न गाउँसभाबाट स्विकृत आर्थिक ऐन, २०७७ अनुसार चालु आर्थिक वर्षका लागि समेत साबिक अनुसार नै पूर्वाधार सेवाहरुको उपयोग शुल्क उठाउन पिप्ले मक्रान्चुली, शिखरकटेरी सडक, सामरीपुल धादिङ आमभज्याङ, डुम्रेकुना सडक, पुछिमौर सुपौरा, पाँचपानी, कालिकालोकपथ जोड्ने सडक, मकवानपुरगढी केनपनी पुछिमौर इपुङ सडक, मनकामना सिँचाई टोल सडक, एक्लेखेत रानिसेरा सडक, खोरभज्याङ जीतपुर भज्याङ सडकमा पूर्वाधार निर्माण मर्मत तथा सेवा शुल्क उठाउनका लागि ठेक्का बन्दोबस्त गर्न

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

वडावडमा न्युनतम अंक २८ लाख बरावरको वोलपत्र आय ठेक्का आव्हान गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

८. <u>ऐतिहासिक मकवानपुरगढी पार्किङ शूल्क तथा प्रवेश शूल्क ठेक्का आव्हान सम्बन्धमा ।</u>

मकवानपुरगढी गाउँपालिकाको वडा नं. २ स्थित ऐतिहासिक मकवानपुरगढी स्थलमा स्वदेशि तथा विदेशी पर्यटकहरुको पर्यनी आगमन बढ्दै गई विशिष्ट चिनारी हुदै गएकोले उक्त स्थलमा पार्किङ व्यवस्थापन तथा ऐतिहासिक पुरातात्विक भवन रहेको स्थललाई अझ व्यवस्थित एवं आकर्षक पर्यटकिय स्थलको रुपमा विकास गर्दै जाने गाउँपालिकाको नीति अनुरुप दरवार परिसरमा तयारी पार्किङका लागि शुल्क तोक्ने तथा उक्त स्थलमा प्रवेशको लागि प्रवेश शुल्क तोक्ने भनि आर्थिक ऐन, २०७७ व्यवस्था रहेकोले पहिलो पटक उक्त पर्यटकिय स्थलमा वडावडमा वार्षिक न्युनतम अंक २३ लाख वरावरको वोलपत्रको १ महिने सूचना आव्हान गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

९. <u>नदीजन्य पदार्थको मौज्दाद स्विकृत सम्बन्धमा ।</u>

यस गाउँपालिकाले गएको आर्थिक वर्ष २०७६।०७७ मा नदीजन्य पदार्थ उत्खननको ठेक्का आव्हान गरी आर.वि. अर्वान एण्ड विल्डर्स, हेटौंडासँग ठेक्का सम्झौता गरी उक्त फर्ममार्फत राजश्व संकलन गरेकोमा उक्त फर्मले गएको २०७७ जेठ मसान्तसम्म उत्खनन् गरेको ढुंगा, गिटी, वालुवाको ०७७ असार मसान्त सम्म विक्रि पश्चात् प्राविधिक शाखावाट नापजाँच गरी मौज्दाद रहन गएको ७६,७२५।- (छैहत्तर हजार सात सय पच्चीस) घनमिटर ढुंगा, गिटी, वालुवाको कच्चा पदार्थ यस वैठकवाट प्रमाणित गर्ने निर्णय गरियो ।

१०. <u>राष्ट्रिय योजना आयोगसँग योजनाको थप रकम माग सम्बन्धमा ।</u>

क) यस मकवानपुरगढी गाउँपालिकाले आर्थिक वर्ष २०७६।०७७ मा राष्ट्रिय योजना आयोगसँग समपुरक अनुदान प्राप्त गरि यस गाउँपालिकाको वडा नं. २ र वडा नं. ५ जोड्ने वेलिब्रिज निर्माणको लागि १ करोड ३८ लाख रकम स्विकृत भएको तर सो स्विकृत रकममध्ये ८० प्रतिशत अर्थात १ करोड ११ लाख रकममात्र गाउँपालिकालाई निकासा भएको साथै सो निकासा भएको रकम नियमानुसार खर्च समेत भइसकेकोले उक्त वेलिब्रिज तयार गर्नको लागि बाँकी

विदुर हुमागाई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

२० प्रतिशत अर्थात २७ लाख रकम थप निकासाको लागि राष्ट्रिय योजना आयोग, सिंहदरबार समक्ष अनुरोध गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

ख) यस मकवानपुरगढी गाउँपालिकाले आर्थिक वर्ष २०७६।०७७ मा वडा नं. ६ स्थित डुम्रेकुनामा १५ शैया हस्पिटल निर्माणार्थ ९ करोड ६१ लाख रकम बराबरको ३ वर्षे बोलपत्र ठेक्का आह्वान गरेकोमा ८ करोड ५८ लाखमा सुन्दर नेपाल जे.भि.ले सारभूतरुपमा प्रभावग्राही हुनेगरी न्युनतम अंक कबोल गरी ठेक्का स्विकृत एवं सम्झौता भई कार्यारम्भ गरेको तर गाउँपालिकालाई उक्त आर्थिक वर्षको लागि विशेष अनुदान मार्फत जम्मा २ करोडमात्र विनियोजन भएकोले उक्त हस्पिटलको भवन निर्माणको लागि चालु आर्थिक वर्षका लागि समेत थप रकम निकासाको लागि राष्ट्रिय योजना आयोग, सिंहदरवार समक्ष अनुरोध गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**११. गाउँपालिकामा बस्ने सेवाग्राही एकिन गर्ने सम्बन्धमा ।**

गाउँपालिकाले जनतालाई पुऱ्याउने सेवामुलक, विकासात्मक एवं निर्माणात्मक लगायत समग्र सेवा प्रदान गर्ने सम्वन्धमा गाउँपालिकाभित्र वास्तविक लाभग्राही पहिचान गरेर एवं टोल विकास समिति अन्तरगत घर नम्बर समेत किटानी गरेर मात्र सेवा प्रदान गर्नुपर्ने, चुस्त, दुरुस्त, छिटोछरीतो, पारदर्शी ढंगले सेवा प्रदान गरी गाउँपालिका तथा अन्तरगतका वडाहरुमा जनताको सहज एवं विश्वसनीय पँहुच स्थापीत गरी नवप्रर्वर्द्धनात्मक एवं रचनात्मक ढंगले सेवा प्रवाह गर्ने र जनताको सार्वजनिक निकायप्रति विश्वासको वातावरण निर्माण गर्नु पर्ने भन्दै सवै जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सचेत गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**१२. ७०-३० को योजना कार्यान्वयन सम्वन्धमा ।**

गाउँपालिकाले गाउँपालिकास्तरीय योजना अन्तरगत ७०।३० को अवधारणा अनुरुप चालु आर्थिक वर्षका लागि स्ल्याव ढलान गर्न १ करोड रकम विनियोजन गरेकोमा प्रत्येक वडा कार्यालयलाई १०/१० लाख रकम गरी ८० लाख रकम विनियोजन गर्ने निर्णय सर्वसम्मतीमा गरियो । साथै यस अवधारणा अनुरुप काम गर्ने वडाहरुमध्ये सबैभन्दा पहिलो र दोस्रोमा उक्त योजना सम्पन्न गर्ने वडालाई पुरस्कारस्वरुप क्रमश: १२ लाख र ८ लाख रकम विनियोजन गरि थप कार्यान्वयन गर्न अनुमति दिने निर्णय समेत सर्वसम्मतीमा गरियो । उक्त योजनाहरुको समेत समय सिमा कार्यसूची अनुसार नै कार्यान्वयन गरिने निर्णय गरियो ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

निर्णय न १३ विविध

विविधका सन्दर्भमा तपसिल वमोजिम निर्णय गरियो ।

क. गाँउपालिकामा २ जना र आमभन्ज्याङ स्वास्थ्य चौकीमा १ जना गरी ३ जना कार्यालय सहयोगि र १ जना ल्याव असिस्टेन्टको लागि सुचना प्रकाशन गर्ने ।

ख. गाँउपालिकाले पारित गरेको आर्थिक सहायता सम्वन्धीत कार्यविधि २०७४ वमोजिम यस गाउपालिकाका वडा नं. ३ का क्यान्सर पिडित रुकमैना चौरेललाइ रु २० हजार रकम आर्थिक सहयोगको रुपमा प्रदान गर्ने ।

ग. जिल्ला समन्वय समितिको मौजदात कोष संचालन निर्देशिका २०७५ अनुसार जिल्ला समन्वय समितिमा लागत सहभागिता यस गाँउपालिकावाट व्यवस्थापन गर्ने गरी देहायको योजनालाई देहायको लागत सहभागिता गाँउपालिकावाट व्यवस्थापन गर्ने गरी जिल्ला समन्वय समिति मकवानपुरमा योजना मागको लागी पेश गर्ने सवर्व सम्मत निर्णय गरियो ।

तपसिल

| क्रस | योजननाको नाम | योजनाको लागत | गाउपालिकाको लागत सहभागिता २५ प्रतिशत | जिल्ला समन्वय समितिको लागत ७५ प्रतिशत |
|---|---|---|---|---|
| १ | सयपत्री खानेपानी योजना गढी ४ | २५,२८,७२७। | ६,७८,७२७। | १८५००००। |
| २ | आशावारी देवी खानेपानी योजना गढी १ | २०,२३,७४०। | ५,१३,७४०। | १५,१०,०००। |
| ३ | चुवार सोलुधुम लिफ्ट खानेपानी योजना गढी ५ | २२,५२,३३५। | ६,१२,३३५। | १६,४०,०००। |
| | जम्मा | ६८,०४,८०२। | १८,०४,८०२। | ५०,००,०००। |

घ. संस्कृती,पर्यटन तथा नागरीक उड्डयान मन्त्रालय ताट जारी गरेको पर्यटन पुर्वाधार तथा पर्यटन उपज विकास साझेदारी निर्देशिका अनुसार पर्यटन पुर्वाधार कार्यक्रम संचालनमा तहा मन्त्रालयवाट माग गरिएको अनुसार यस गाउपालिकाको लागत सहभागितामा विगत २ वर्ष देखि भ्रमण वर्षको १०० गन्तव्य रुपमा पर्यटन मन्त्रालयमा शर्शत अनुदान अन्तर्गत लागानी भइ अधुरो रहिरहेको तपसिल वमोजिम योजना माग गर्ने भनि सर्व सम्मत निर्णय गरियो ।

तपसिल

| क्रस | योजनाको नाम | लागत अनुमान | पर्यटन मन्त्रालयको लागत सहभागिता ७० प्रतिशत | गाउपालिकाको लागत सहभागिता ३० प्रतिशत रकम | योजना सम्पन्न हुने वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ऐतिहासिक मकवानपुरगढी दरवार पुर्वाधार निर्माण योजना | १,९६,५९,५००। | १,३७,६१,६५०। | ५८,९७,८५०। | २ वर्ष | |

प्रमुख प्रशासकीय अधिकृत

विदुर हुमागाई
अध्यक्ष

ङ. यस मकवानपुर जिल्ला ऐतिहासिक धरोहरको रुपमा रहेको मकवानपुरगढी दरवारको संरक्षण तथा विकासको लागी विगत २ वर्ष देखि निरन्तर रुपमा वागमति प्रदेशवाट रकम विनियोजित भइ निर्माण कार्य भइरहेकोमा निर्माणाधिन अधुरा विकास तथा संरक्षणका कार्यहरु अगाडी वढाउनको लागी यस आर्थिक वर्षमा वागमती प्रदेश सरकार वाट कुनै पनि वजेट विनियोजित नभएको हुदा यस गाउपालिकाको आर्थिक श्रोत वाट मात्र समग्र मकवानपुरगढी दरवारको संरक्षण तथा विकास गर्न असमर्थ भएकोले विगतमा यस गाउपालिकाले तयार गरि पेश गरेको डिपियार अनुसार तथा वागमती प्रदेश सरकार वाट निर्माण गरि अधुरो अवस्थामा रहेको विकास कार्यहरुलाइ अगाडी वढाउनको लागी आवश्यक वजेट वागमती सरकार संग माग गर्ने भनि सर्व सम्मत निर्णय गरियो ।

च. यस मकवानपुरगढी गाउपालिकाको ऐतिहासिक धरोहरको रुपमा विकास गर्न लागिएको रहेको मकवानपुरगढी दरवारको क्षेत्रको रुपमा नै रहेको ढुङगे गढी दरवारक्षेत्रको संरक्षण तथा विकासको लागी विगत २ वर्ष देखि निरन्तर रुपमा वागमति प्रदेशवाट रकम विनियोजित भइ कार्य भइरहेकोमा निर्माणाधिन अधुरा विकास तथा संरक्षणका कार्यहरु अगाडी वढाउनको लागी यस आर्थिक वर्षमा वागमती प्रदेश सरकार वाट कुनै पनि वजेट विनियोजित नभएको हुदा यस गाउपालिकाको आर्थिक श्रोत वाट मात्र समग्र ढुङगे गढी क्षेत्रको संरक्षण तथा विकास गर्न असमर्थ भएकोले विगतमा यस गाउपालिकाले तयार गरि पेश गरेको डिपियार अनुसार तथा वागमती प्रदेश सरकार वाट निर्माण गरि अधुरो अवस्थामा रहेको विकास कार्यहरुलाइ अगाडी वढाउनको लागी आवश्यक वजेट वागमती सरकार संग माग गर्ने भनि सर्व सम्मत निर्णय गरियो ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

विदुर हुमागाई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner